संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक -५२

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : २:५९ बजे*
*बैठक स्थगित : ६:५४ बजे*

२०७९ भदौ १७, शुक्रबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **बाउन्नौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न ४:४९** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणले गत बैठकमा पेश गर्नु भएको सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरू बोल्ने क्रम जारी रहेको जानकारी गराउनुहुँदै देहायका माननीय सदस्यहरूलाई छलफलमा भाग लिन क्रमशः समय उपलब्ध गराउनुभयो:

- मा. खिमलाल भट्टराई
- मा. तुल प्रसाद विश्वकर्मा
- मा. दिलकुमारी रावल थापा (पार्वती)
- मा. भगवती न्यौपाने
- मा. बामदेव गौतम
- मा. सुमित्रा बि.सी.
- मा. सुरेश कुमार आलेमगर
- मा. उर्मिला अर्याल
- मा. प्रमिला कुमारी
- मा. डा. बेदुराम भुसाल

त्यसपछि सम्माननीय अध्यक्षले छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले सभा समक्ष जवाफ दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रतिवेदन बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि

सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रतिवेदन बहुमतले “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” को अंग बनेको घोषणा गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ को अङ्ग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमत प्राप्त भएकाले विधेयकको २ देखि ५ सम्मका दफाहरू सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्नुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले देहाय बमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

**“प्रस्तावनाः** नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

तदुपरान्त सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भइ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्” भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्” भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **सोही दिन ९ मिनेट पछि** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव